# कोशी प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
## विराटनगर, नेपाल


मितिः-२०८३-०३-१७

**"कर्मचारीमाथिको आक्रमणप्रति भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशको गम्भीर आपत्ति"**

भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशले मिति २०८३/०३/१५ गते बिहान करिब ९:३० बजे पूर्वाधार विकास कार्यालय, भोजपुरमा कार्यरत सब-इन्जिनियर श्री आनन्द कुमार साहमाथि **भोजपुर-मानेभञ्ज्याङ-बैकुण्ठे-बासिखोरा-रानीटार** सडक आयोजनाको स्थलगत अनुगमन र निरीक्षणका क्रममा भएको आक्रमण र कुटपिटप्रति गम्भीर आपत्ती जनाएको छ। सरकारी काम गरिरहेका राष्ट्रसेवक कर्मचारीमाथि यस्तो हिंसात्मक र अमानवीय व्यवहार कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। यस्ता घटनाले कानूनी शासन, सुशासन र सार्वजनिक सेवा प्रवाहका साथै विकास निर्माणका काममा समेत असर पर्छ । मन्त्रालयले उक्त घटनाको छिटो र निष्पक्ष छानबिन गरी दोषीलाई प्रचलित कानून अनुसार कडा कारबाही गर्न सम्बन्धित सुरक्षा निकाय तथा सरोकारवाला निकायलाई आग्रह गरेको छ। साथै, राष्ट्रसेवक कर्मचारीले सुरक्षित, सम्मानजनक र निर्भीक भएर काम गर्न सक्ने वातावरण बनाउन आवश्यक सबै उपाय तुरुन्त अपनाउन पनि सम्बन्धित पक्षको ध्यानाकर्षण गराईएको छ। मन्त्रालयले यस घटनामा घाइते हुनुभएका सब-इन्जिनियर श्री आनन्द कुमार साहको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाँ र उहाँको परिवारप्रति सहानुभूति व्यक्त गर्दछ।


फोन नं. ०२१४७४४३०

ईमेलः. mopid@koshi.gov.np